आज मिति २०८३ साल असार महिनाको ०८ गते बिहान ठीक ८:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको ११२ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिहरु :-</u>

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

<u>अन्य सहयोगी कर्मचारी</u>

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

सूचना प्रविधि अधिकृत श्री हरि आले

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वर नाथ चौधरी

बाल कल्याण अधिकारी श्री कुश्माखर पाण्डे

का.स.श्री शोभा कुमारी फाल

मिति २०८३।०३।०८ गतेका दिन बिहान ठीक ८:०० बजे बसेको निस्दी गाउँपालिकाको ११२ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१. आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. आर्थिक विधेयक २०८३ सम्बन्धमा ।

३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक २०८३ सम्बन्धमा ।

४. भवन निर्माण सम्बन्धी विधेयक २०८३ सम्बन्धमा ।

५. विनियोजन विधेयक २०८३ तथा बजेट वक्तव्य सम्बन्धमा ।

६. मध्यमकालीन खर्च संरचना सम्बन्धमा ।

७. म्याद थप सम्बन्धमा ।

८. भेरिएसन आदेश जारी सम्बन्धमा ।

९. विविध ।

मिति २०८३।०३।०८ गते बसेको निस्दी गाउँपालिकाको ११२ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. निस्दी गाउँपालिकाको आगामी आ.व.२०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम गाउँ सभाको २० औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. निस्दी गाउँपालिकाको आन्तरिक करका दर र दायरा सहित राजश्व परामर्श समितिबाट पेश भएको आर्थिक विद्येयक २०८३ गाउँ सभाको २० औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. निस्दी गाउँपालिकाको आर्थिक कारोबार सँग सम्बन्धित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विद्येयक २०८३ गाउँ सभाको २० औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

४.निस्दी गाउँपालिकाको भवन सँग सम्बन्धित भवन निर्माण सम्बन्धी विद्येयक २०८३ गाउँ सभाको २० औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. निस्दी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको विनियोजन विद्येयक २०८३ तथा बजेट वक्तव्य गाउँ सभाको २० औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

६. निस्दी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना गाउँ सभाको २० औं अधिवेशनमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

७. निस्दी गाउँपालिकाको ठेक्का नं NCB/NRM/WORKS/2082/83-01 को सहलकोट स्वास्थ्य चौकी निर्माणको लागि सम्झौता गरेको षष्ठी कन्स्ट्रक्सन प्रा.लि.द्धारा म्याद थपको लागि माग भई आएकोमा यस पालिकाबाट अनुगमन गर्दा भौतिक प्रगति करिब ३० प्रतिशत देखिएको र बाँकी काम दक्ष कामदारको अभाव, वर्षाको कारण मोटरबाटो अवरोध,क्रसर उद्योगहरुमा गिट्टी तथा बालुवाको अभाव,उच्च मूल्य वृद्धिका कारण निर्माण सामाग्रीहरुको अभाव लगायतका विविध कारण काबु बाहिरको परिस्थिती देखिन गई सम्पन्न नभएकोले सार्वजनिक खरिद ऐन,२०६४ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार उक्त आयोजनाको सम्झौता म्याद मिति २०८३ माघ २९ गते सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो।

८. निस्दी गाउँपालिकाको ठेक्का नं.NCB/NRM/1S2E/WORKS/079-080-11( Upgrading works of Kem Khamcha Marga) को सम्झौता भई महेश ईन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा.लि.द्वारा भेरिएसन आदेश जारीको लागि माग भई आएकोमा यस पालिकाबाट अनुगमन गर्दा देहायका आधारमा सार्वजनिक खरिद ( दोस्रो संशोधन ) अध्यादेश,२०८३, सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ बमोजिम उक्त कम्पनीले पेश गरेको भेरिएसन स्वीकृत गरी भेरिएसन आदेश जारी गर्ने र सोही आधारमा रनिङ्ग बिल भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

-इस्टिमेटमा नालाको कभर रहेको तर उक्त परिमाण आवश्यक नरहेकोले सो बराबरको परिमाणमा उकालो र चिप्लो ठाउँमा ढलान गर्ने ।

-नालाको लम्बाई बढि काम भएको साथै सो सँगै रिटेनिङ्ग वाल भएकोले परिमाणमा थप भएको ।

-प्लम्ब वालको उचाई धेरै हुने भएकोले सो ठाउँमा मेसिनरी वाल लगाउनुपर्ने जसको कारण लागत कम हुने ।

-स्थानीय स्तरमा ढुँगाको उपलब्धता प्रशस्त हुने हुँदा जोखिम युक्त स्थानमा ग्याबिन जाली भर्नुपर्ने र खोल्साखोल्सीमा ह्युम पाईप पनि थप गर्नुपर्ने ।

-Negative Variation हुने हुँदा सम्झौता रकम भन्दा कम भुक्तानी हुने ।

९.विविध विषयमा छलफल गरी देहाय बमोजिमका निर्णय गरियो।

क.यस निस्दी गाउँपालिका अन्तर्गत शान्ति सुरक्षा कायम गर्न,आन्तरिक राजस्व संकलन गर्न,नदिजन्य पदार्थको चोरी निकासी जस्ता विविध क्रियाकलापमा उल्लेखनीय कार्य गरे वापत देहायका व्यक्तिहरुलाई रु.५०००।—( अक्षरुपी पाँच हजार मात्र ) नगद सम्मान र प्रशंसा पत्रले सम्मान गर्ने सर्वसम्मत निर्णय गरियो ।

रुक्से भञ्ज्याङ्ग प्रहरी चौकीका प्रमुख प्र.स.नि.श्री खिल बहादुर राना

नगर प्रहरी श्री हुम बहादुर भराम

नगर प्रहरी श्री लिला सारु

नगर प्रहरी श्री कमल प्रसाद सोती

ख.यस आ.व.२०८२।०८३ को कृषि मेशिनरी अनुदान कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कृषकहरुलाई 6HP को मिनि टिलर उपलब्ध गराउने र सो को कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

निस्दी गा.पा.वडा नं.१ अन्तर्गतका

-यम बहादुर राना
-टोप बहादुर राना
-धन बहादुर आले
निस्दी गा.पा.वडा नं.२ अन्तर्गतका
-नारायण सिं सिंजाली
-टक बहादुर चुहान
निस्दी गा.पा.वडा नं.३ अन्तर्गतका
-चुरा बहादुर दर्लामी
-सन्त बहादुर बयम्बु
-सुरेस सोती
निस्दी गा.पा.वडा नं.४ अन्तर्गतका
-धन बहादुर सोमै
-हेम बहादुर सुनारी
-छविलाल सारु
निस्दी गा.पा.वडा नं.५ अन्तर्गतका
-झनी सरा सोमै
-पूर्ण बहादुर कामी
निस्दी गा.पा. वडा नं.६ अन्तर्गतका
-नुनेन्द्र बयम्बु
-मन बहादुर बयम्बु
निस्दी गा.पा. वडा नं.७ अन्तर्गतका
-धन बहादुर राना
-खेम सारु
-मनिसरा सारु